संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

**छैटौं अधिवेशन**

बैठक सङ्ख्या – ३९

सूचनापत्र - २

**(बैठकको कारबाहीको संक्षिप्त विवरण)**

२०८२ साल असार १४ गते शनिबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:५० बजे प्रारम्भ भयो।

बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरू आ-आफ्नो आसन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले समय दिनुहुँदा भिजिट भिसाको आवरणमा भइरहेको मानव तस्करीजस्तो अपराधमा संलग्नलाई बचाउन राज्य र सरकार नै लागि रहेको, उक्त प्रकरणमा गृह मन्त्रीको संलग्नता रहेको भन्ने विषय वहाँको काम कारबाहीले देखाएकाले बहालवाला वा पूर्वन्यायाधीशको अध्यक्षतामा छानबिन समिति गठन गर्नुपर्ने, गृह मन्त्रीले नैतिकताको आधारमा राजिनामा दिई भिजिट भिसा प्रकरणको छानबिनमा सहयोग गर्नुपर्ने, नुवाकोटको ककनी गाउँपालिकामा बाढीले जनधनको क्षति भएकाले सरकारले राहत र उद्दारको व्यवस्था गर्नुपर्ने, सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकामा बालिकाको सामूहिक बलात्कार गरी हत्या गरिएको घटनामा संलग्न भई पक्राउ भएका व्यक्तिलाई हदैसम्मको कारबाही हुनुपर्ने, ऐन कानून विपरीत विभिन्न व्यक्तिहरूको सुरक्षार्थ खटाइएका सुरक्षाकर्मीको जानकारी अविलम्ब सदनलाई जानकारी दिनुपर्ने, देशका विभिन्न स्थानमा मनसुनको समयमा वर्षाको कारण बाढी एवं पहिरोजन्य विपद्को उच्च जोखिम हुने भएकाले निर्माणाधीन विकास पूर्वाधारका संरचनाहरूले जनजीवन प्रभावित पार्न सक्ने हुँदा निर्माण कार्यहरू शीघ्र सम्पन्न गरिनुपर्ने, असार १४ गते श्रद्धेय जननेता मदन भण्डारीको जन्मजयन्तीको अवसरमा हार्दिक श्रद्धाञ्जली र उच्च सम्मान प्रकट र धनुषाको विदेह नगरपालिका क्षेत्र निवासी एक महिलाको शव झुन्डिएको अवस्थामा फेला परेकोले उक्त घटना आत्महत्या नभई हत्या हुन सक्ने आशंका भएकोले निष्पक्ष छानबिन गरिनुपर्ने लगायतका विषयमा आआफ्नो भनाइ राखुभयो:-

१. मा० गणेश पराजुली
२. मा० रोसन कार्की
३. मा० अर्जुन नरसिंह के.सी
४. मा० माधव सापकोटा
५. मा० प्रकाश ज्वाला
६. मा० रामहरि खतिवडा
७. मा० बिमला सुवेदी
८. मा० ठाकुर प्रसाद गैरे
९. मा० हित बहादुर तामाङ
१०. मा० मुक्ता कुमारी यादव

यसैबीच मा० रोसन कार्कीले बोलीसकेपछि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरू सभामुख आसन अगाडि वेलमा आई नाराबाजी गर्न सुरु गर्नुभयो भने राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरू बैठक बहिस्कार गर्दै बैठक कक्षबाट बाहिर निस्किनुभयो।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले बोल्नको लागि समय माग गर्नुभएको बेहोरा जानकारी गराउनुहुँदै बैठक चलाउने वातावरण बनाउन अनुरोध गर्नुहुँदा राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरूले नाराबाजी गर्दै बैठक कक्षबाट बाहिर निस्किनुभयो।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले असार १६ गतेदेखि १९ गतेसम्म हुने स्पेन भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घको "विकासका लागि वित्तसम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलन" मा सहभागी हुने, स्पेनका राजा फिलिप द्वितीयसँग शिष्टाचार भेट गर्ने, समकक्षी पेड्रो सान्चेजसँग भेटवार्ता गर्ने र एस.ई.ई. को नतिजा लगायतका विषयमा सभालाई जानकारी गराउनुभयो।

तत्पश्चात् सम्माननीय सभामुखले आर्थिक विधेयक, २०८२ माथि ११ जना माननीय सदस्यहरूबाट संशोधनका सूचना प्राप्त हुन आएको र आर्थिक विधेयक, २०८२ विधेयकमाथि छलफल गर्दा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५२ को उप-नियम (४) बमोजिम नेपाल सरकारको जवाफदेही क्षेत्र भित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा नेपाल सरकारको मौद्रिक एवं आर्थिक नीतिसँग सम्बन्धित विषयहरूमाथि मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनुभयो।

त्यसपछि निम्नलिखित संशोधनकर्ता माननीय सदस्यहरूले आआफ्नो संशोधन प्रस्तुत गर्नुहुँदै छलफलमा भाग लिनुभयो:-

१. मा० प्रेम सुवाल
२. मा० प्रभु साह

३. मा० रणेन्द्र बराली
४. मा० नारायणी शर्मा
५. मा० छिरिङ डम्डुल लामा (भोटे)
६. मा० शक्ति बहादुर बस्नेत
७. मा० माधव सापकोटा
८. मा० रुपा सो.शी. (चौधरी)
९. मा० वर्षमान पुन
१०. मा० अमनलाल मोदी

तदुपरान्त उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएको प्रश्नको मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयोः-

१. मा० प्रकाश शरण महत
२. मा० भगवती चौधरी
३. मा० रन्जु कुमारी झा

ततपश्चात् निम्नलिखित संशोधनकर्ताहरूले राख्नुभएको संशोधनहरूलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयोः-

१. मा० प्रेम सुवाल
२. मा० प्रभु साह
३. मा० रणेन्द्र बराली
४. मा० नारायणी शर्मा
५. मा० छिरिङ डम्डुल लामा (भोटे)
६. मा० शक्ति बहादुर बस्नेत
७. मा० माधव सापकोटा
८. मा० रुपा सो.शी. (चौधरी)
९. मा० वर्षमान पुन
१०. मा० ज्ञान बहादुर शाही
११. मा० अमनलाल मोदी

त्यसपछि सम्माननीय सभामुखले “आर्थिक विधेयक, २०८२” को दफा २ देखि ४० सम्मका दफाहरू र सो सँग सम्बन्धित अनुसूची १ देखि ६ सम्म विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै “आर्थिक विधेयक, २०८२” को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तत्पश्चात् मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले “आर्थिक विधेयक, २०८२ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो।

त्यसपछि मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले “राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथिको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "राष्ट्र ऋण उठाउने विधेयक, २०८२" विधेयकमाथि मा० प्रेम सुवाल र मा० माधव सापकोटाबाट संशोधनको सूचनाहरू प्राप्त हुन आएको बेहोरा जानकारी गराउनुभयो।

तत्पश्चात् माननीय प्रेम सुवाल र माधव सापकोटाले आआफ्नो संशोधन प्रस्तुत गर्नुहुँदै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त विधेयक माथिको छलफलमा मा० प्रकाश शरण महत र मा० हितराज पाण्डेले उठाउनुभएको प्रश्नको मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयो।

तदुपरान्त माननीय प्रेम सुवाल र माधव सापकोटाले राख्नुभएको संशोधनहरूलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको दफा २ “राष्ट्र ऋण उठाउने विधेयक, २०८२” को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै “राष्ट्र ऋण उठाउने विधेयक, २०८२” को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तदुपरान्त मा० उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले “राष्ट्र ऋण उठाउने विधेयक, २०८२ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो।

तत्पश्चात् मा० गृह मन्त्री रमेश लेखकले राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहित "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

त्यसपछि राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहित "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएको प्रश्नको मा० गृह मन्त्री रमेश लेखकले जवाफ दिनुभयोः-

१. मा० प्रकाश ज्वाला
२. मा० ज्वाला कुमारी साह
३. मा० प्रेम सुवाल
४. मा० राम कृष्ण यादव
५. मा० रन्जु कुमारी झा
६. मा० रुपा सो.शी. (चौधरी)
७. मा० चित्र बहादुर के.सी.
८. मा० शेर बहादुर कुँवर
९. मा० माधव सापकोटा
१०. मा० मुक्ता कुमारी यादव
११. मा० नारायणी शर्मा
१२. मा० पूर्ण बहादुर घर्ति मगर
१३. मा० भगवती चौधरी
१४. मा० अमृत लाल राजवंशी
१५. मा० कान्तिका सेजुवाल
१६. मा० सुशिला थिङ
१७. मा० अमृता देवी अग्रहरी

तदुपरान्त सम्माननीय सभामुखले "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लिखित संशोधनहरूलाई विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ८ सम्म "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१"को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो।

तत्पश्चात् मा० गृह मन्त्री रमेश लेखकले "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८२ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८२ साल असार १५ गते आइतबार दिनको १:०० बजे बस्ने गरी दिनको ४:४० बजे स्थगित भयो।

पद्मप्रसाद पाण्डेय
महासचिव